# पशु सेवा कार्यक्रम संचालन कार्यविधि

प्रस्तावना

पशुपछिं पालन ब्यबसाय तुलसीपुर उपमहानगरपालिकाको आर्थिकबिकास कृयाकलापको महत्वपुर्ण अंगको रुपमा रहेको छ । तुलसीपुर उपमहानगरपालिकामा पशुपछिं पालन ब्यबसायलाई अरु बढि ब्यबसायिक, यान्त्रिकरण, आधुनिकिकरण र व्यावसायिकरण गर्दै लैजान आजको आबस्यकता रहेको छ यसका साथै पशु जन्य उत्पादनको प्रशोधन, भण्डारण र बजारिकरण गर्ने ब्यबसायीक कृषक, कृषक समूह र कृषि सहकारीहरु लाई प्राबिधिक सेवा, बस्तु, उत्पादन सामाग्री, प्रबिधि हस्तान्तरण, साथै पशु जन्य उत्पादनको उचित बजार मूल्य र बजार पँहुचको व्यवस्था, तुलनात्मक लाभहरुको न्यायोचित वितरण र दिगो विकास गर्ने अवधारणा अनुरुप तुलसीपुर उपमहानगरपालिका बाट संचालन गरिने **पशु सेवा कार्यक्रम** लाई सरल, प्रभाबकारी, पारदर्शी, जबाफदेही र उत्तरदायी एवं गुणस्तर युक्त रुपमा कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले तुलसीपुर उपमहानगरपालिकाले स्थानिय तह सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) को ब्यबस्था अनुरुप **"पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७७"** तयार गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यस कार्यविधिको नाम " पशु सेवा कार्यक्रम संचालन कार्यविधि २०७७" रहेको छ।

(ख) यो कार्यविधी तुलसीपुर उपमहानगरपालिका भित्र लागु हुनेछ।

(ग) यो कार्यविधि प्रमाणिकरण भएको मिति देखि प्रारम्भ हुनेछ।

२ **परिभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "उपमहानगरपालिका" भन्नाले तुलसीपुर उपमहानगरपालिका लाई संझनु पर्ने छ ।

(ख) "कार्यपालिका"भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिका लाई संझनु पर्ने छ ।

(ग) "कार्यालय" भन्नाले तुलसीपुर नगर कार्यपालिको कार्यालयलाई संझनु पर्ने छ ।

(घ) "प्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको प्रमुख लाई संझनु पर्ने छ ।

(ङ) "उपप्रमुख" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको उप-प्रमुख लाई संझनु पर्ने छ ।

(च) "प्रमुख प्रसासकिय अधिकृत" भन्नाले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रसासकिय अधिकृत लाई संझनु पर्ने छ ।

(छ) "कार्यक्रम" भन्नाले पशु सेवा संग सम्बन्धित कार्यक्रम संझनु पर्ने छ ।

(ज) "आर्थिकबिकास समिति"भन्नाले तुलसीपुर नगरपालिकाको आर्थिकबिकास समिति लाईसंझनु पर्ने छ ।

(झ) "शाखा" भन्नाले नगर कार्यपालिका अर्न्तगतको पशु सेवा शाखालाई संझनु पर्ने छ ।

(ञ) "शाखा प्रमुख" भन्नाले नगर कार्यपालिका अर्न्तगत पशु सेवा शाखा प्रमुख लाई संझनु पर्ने छ ।

(ट) "सेवा केन्द्र" भन्नाले पशु सेवा केन्द्रहरु तुलसीपुर र उरहरी लाई संझनु पर्ने छ ।

(ठ) "प्रादेशिक मन्त्रालय" भन्नाले लुम्बिनि प्रदेश भुमि ब्यबस्था,कृषि तथा सहकारी मन्त्रालय लाई संझनु पर्ने छ ।

(ड) "प्रादेशिक निर्देशनालय" भन्नाले लुम्बिनि प्रदेश पशुपंछि तथा मत्स्य बिकास निर्देशनालय लाई संझनु पर्ने छ ।

(ढ) "पशु" भन्नाले घरमा पालिएका एवं जंगलि जनाबरहरु लगायत यस सब्दले पंन्छि एवं मत्स्य लाई समेत संझनु पर्ने छ ।

(ण) "पशु जन्य उत्पादन" भन्नाले दुध, फूल, मासु, रौ, प्वाख, हड्डी, छाला, रगत, बिर्य, पित्त,गोब पिसाब, ग्रन्थी आदि संझनु पर्ने छ ।

(त) "पशु उत्पादन सामाग्री" भन्नाले प्रसोधन गरीएका वा नगरीएका संपुर्ण सामाग्रीहरु जुन पशु स्वास्थ्य, कृतिम गर्भाधारण वा खोपका लागि प्रयोग हुन्छन सबैलाई संझनु पर्ने छ ।

(थ) "जैबिक पदार्थ" भन्नाले पशु स्वस्थ्य एवं पशु उत्पादन बढाउन प्रयोग गरीने औषधि हरु एवं बिभिन्न खोपहरु संझनु पर्ने छ ।

(द) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपल गराईने नगद, बस्तु, सामाग्री वा सेवा लाई संझनु पर्ने छ ।

(ध) "अनुदान ग्राही" भन्नाले यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने कृषक, फर्म, कृषक समुह सहकारी वा कम्पनिलाई संझनु पर्ने छ ।

(न) "कम्पनी" भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समुहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका सस्था लाई संझनु पर्ने छ ।

(प) "समुह/समिति" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दा जुल्दा समस्या, आवश्यकता चाहन -हरु भएका न्यूनकंतम ६(छ) देखि २०(बिस) जना सम्म व्यक्तिहरु मिलेर साझा उद्देश्यहरु प्रा गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएका संस्था लाई संझनु पर्ने छ ।

(फ) "फर्म" भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएको पशु पालन/उत्पादन कार्यमा संम्लग्न व्यक्ति/सहकारी/समुह/संस्थान ले संचालन गरेको संस्था लाई संझनु पर्ने छ ।

(ब) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको पशुपालन/उत्पादन सम्वन्धी कार्य गर्ने संस्था लाई संझनु पर्ने छ ।

## ३ उद्देश्य

(क) पशु बिकास कार्यक्रमका माध्यम बाट पशु उत्पादन तथा पशु जन्य पदार्थक उत्पादकत्व बृद्धि गरी नागरिकको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

(ख) आधुनिक एवं नबिनतम प्रविधि, बस्तु, सामाग्री, वा सेवा हस्तान्तरण मार्फत पशु पा पेशा/व्यवसायलाई यान्त्रिकरण, आधुनिकिकरण, व्यावसायिकरण र बजारीकरणका माध्य पशु पालन क्षेत्रलाई दिगो, मर्यादित, रोजगारी मुलक, उत्पादन मुलक, आत्मनिभर प्रतिस्पर्धि बनाउने ।

(ग) पशुजन्य उत्पादन लाई सुनिस्चित एवं उपयुक्त बजार प्रबर्धनका माध्यमले आ प्रतिस्थापन गरि निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने ।

(घ) पशु स्वस्थ्य, रोग निदान एवं रोगको फैलावट नियन्त्रण लाई गुणस्तरिय बनाउने ।

(ङ) सेवा प्रवाहाको प्रकृयालाई सरल, निष्पक्ष र प्रणालियुक्त बनाउने ।

(च) लाभग्राहिको छनौट प्रक्रृयालाई स्पस्ट र पारदर्शि बनाउने ।

घनश्याम पाण्डे
प्रमुख

घनश्याम पाण्डे
प्रमुख

## परिच्छेद २
## आय आर्जन/पकेट प्याकेज फलोअप कार्यक्रम

१. **भुमिका**

देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी हिस्सा कृर्षि क्षेत्र बाट प्राप्त हुन्छ । दुई तिहाई जनसंख्या स्वरोजगार तथा जिबिकोपार्जनका लागी पशु पालन क्षेत्रमा निर्भर रहेको देखिन्छ । देशको अर्थतन्त्रमा समग्र पशु पालन क्षेत्रको महत्व पुर्ण भुमिका रहेको छ । उपर्युक्त अबस्थामा निम्न आय स्तरका ग्रामिण क्षेत्रका बिपन्न बर्गका कृषकहरुको पशु पालनका माध्यम बाट आय आर्जनमा सुधार ल्याउने उद्धेश्यले तुलसीपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेस गरेकोमा आय आर्जनका कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

- ✓ खाद्य पोषण सुरक्षाको लागी पशु पालन ब्यबसायको बिकास गर्ने ।
- ✓ खेर गईरहेको पशु आहाराका श्रोतहरुको सदुपयोग गर्ने ।
- ✓ ग्रामिण क्षेत्रमा रोजगारीको अबसर सृजना गर्ने ।
- ✓ निम्न आयस्तर भएका कृषक परीवारको आय आर्जनमा सुधार ल्याउने ।

३. **कार्यक्रम संचालन प्रकृया :**

३.१ आर्थिक बिकास समितिको बैठक बाट कार्यक्रम र कार्यक्रम संचालन क्षेत्र छनौट गर्नुपर्ने छ ।
३.२ शाखाले कृषक छनौट गर्ने छ र आर्थिक बिकास समितिले त्यसलाई अनुमोदन गर्नुपर्ने छ ।
३.३ आर्थिक बिकास समिति द्धारा अनुमोदित संपुर्ण कृषक समाबेस गरी समुह गठन गर्नुपर्ने छ ।
३.४ समुहमा ६(छ) देखि २०(बिस) जना सम्म सदस्य हुनुपर्ने छ ।
३.५ स्विकृत बजेटको ७०% खर्च बस्तु, सेवा वा सामाग्री खरिदमा खर्च गर्नुपर्ने छ ।
३.६ सम्पूर्ण लजेष्टिक एवं अन्य कृयाकलाप स्विकृत बजेटको ३०% खर्च गर्न सकिने छ ।

४. **कार्यक्रम सन्चालनमा जिम्बेवारी :**

- ✓ तुलसीपुर उपमहानगरपालिका ।
- ✓ नगर कार्यपालिकाको कार्यालय ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ पशु सेवा शाखा ।

**कार्यक्रमको प्रतिफल :**

कृषि प्रसारका नबिनतम प्रबिधि ग्रहण साथै अनुदानमा प्राप्त गरेको बस्तु वा सेवाको उपयुक्त प्रयोगले कृषकको आम्दानिमा बृद्धी हुनुको साथै कृषक परीवारको खाद्यपोषण अबस्थामा समेत उल्लेखनिय सुधार आउने छ ।

**कार्यक्रम अर्न्तगत संचालन हुने कृयाकलापहरु :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।

- ✓ आर्थिक बिकास समिति बैठक सन्चालन ।
- ✓ समुह/समिति गठन परीचालन ।
- ✓ बस्तु वा सेवा खरिद बितरण ।
- ✓ तालिम, आहारा बिकास, परजिबि नियन्त्रन, खोप र स्वास्थ्य शिबिर सन्चालन ।

**आर्थिक नर्मस :**

- ✓ लजेष्टिक खर्च १५% सम्म गर्न सकिने छ ।
- ✓ तालिम/गोष्ठि सन्चालन खर्च १५% सम्म गर्न सकिने छ ।
- ✓ बस्तु/सेवा/सामाग्री बितरणमा खर्च ७०% वा बाकि भए अनुरुप गर्नु पर्ने छ ।



तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

✓ खरिद गरिएको बस्तु वा सेवा बितरणमा ढुवानि गर्दा, भन्डारण गर्दा ह्यान्डलिङ गर्दा निम्न बमोजिमको ह्रास खर्च वा सुख्खा जर्दि रहने छ ।

- बोट बिरुवाहरुमा २०% सम्म ।
- पशु वस्तुहरुमा १५% सम्म ।
- पन्छि/बिऊ बिजन/दानामा १०% सम्म ।

८. **लेखा अभिलेखका लागि आबश्यक पर्ने :**

✓ आर्थिक बिकास समिति बैठकको प्रतिलिपि ।

✓ समुह / समिति गठन रेकर्ड प्रतिलिपि ।

✓ तालिम सन्चालन एवं प्रशिक्षण सामाग्री, खाजा, हल, भत्ता, आदि खर्चको बिल भर्पाई ।

✓ बस्तु वा सेवा खरिद, बिभिन्न संझौता एवं बितरण भर्पाई ।

✓ इन्धन, ढुवानि, भ्रमण खर्च बिल भर्पाई ।

✓ बिभिन्न लजेष्टिक कागजातहरु ।

९. **सर्बजनिक परिक्षणको लागि अभिलेख :**

✓ आर्थिक बिकास समिति बैठकको प्रतिलिपि ।

✓ बस्तु वा सेवा बितरण रेकर्ड ।

✓ बिभिन्न फोटोहरु ।

✓ प्रतिबेदन ।

१०. **निश्कर्ष :**

पकेट प्याकेज कार्यक्रमको निरन्तरताले कृषकहरुको आय अर्जनमा टेवा पुग्ने र रोजगारीका अबसरहरुको श्रृजना हुदै ग्रामिण कृषकको खाद्य पोषण सुधारमा ठोस योगदान पुग्ने छ ।

## परिच्छेद ३

## एक गाऊ एक उत्पादन कार्यक्रम

१. **भुमिका :**

नगरको मौलिक पहिचान भएका बस्तुको उत्पादन तथा प्रर्बधन गर्न स्थानिय सरकारले एक गाऊ एक उत्पादन कार्यक्रम समेत स्विकृत गरिसकेको छ । यसै कार्यक्रम मार्फत पशु एवं पशुजन्य उत्पादनको ब्यबसायिकरण र बजारिकरणले कृषकको गरीबि निबारण गर्न तुलसीपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेश गरेकोमा एक गाऊ एक उत्पादन कार्यक्रम प्रभाकारी तरीकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

✓ स्थानिय स्तरमा संभ्भाबना भएका बस्तुको उत्पादनमा बृद्धि र ब्यबसायीकरण गर्दै जाने ।

✓ मौलिक पहिचान कायम गर्ने बस्तुको उत्पादन, प्रर्बधन तथा मुल्य अभिबृद्धि गर्ने ।

✓ स्वरोजगारीको अबसर श्रृजना गर्ने ।

✓ उत्पादित बस्तुको बजार प्रर्बधन गरी कृषकको आय स्तरमा बृद्धि गर्ने ।

३. **कार्यक्रम संचालन प्रकृया :**

३.१ आर्थिक बिकास समितिको बैठक बाट कार्यक्रम र कार्यक्रम संचालन क्षेत्र छनौट गर्नुपर्ने छ ।

३.२ शाखाले कृषक छनौट गर्ने छ र आर्थिक बिकास समितिले त्यसलाई अनुमोदन गर्नुपर्ने छ ।

३.३ आर्थिक बिकास समिति द्धारा अनुमोदित संपुर्ण कृषक समाबेस गरी समुह गठन गर्नुपर्ने छ ।

३.४ समुहमा ६(छ) देखि २०(बिस) जना सम्म सदस्य हुनुपर्ने छ ।

३.५ स्विकृत बजेटको ७०% खर्च बस्तु, सेवा वा सामाग्री खरिदमा खर्च गर्नुपर्ने छ ।

३.६ सम्पूर्ण लजेष्टिक एवं अन्य कृयाकलाप स्विकृत बजेटको ३०% खर्च गर्न सकिने छ ।

घनश्याम पाण्डे
प्रमुख

४. **कार्यक्रम सन्चालनमा जिम्बेवारी :**
- ✓ तुलसीपुर उपमहानगरपालिका ।
- ✓ नगर कार्यपालिकाको कार्यालय ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ पशु सेवा शाखा ।

५. **कार्यक्रमको प्रतिफल :**

एक गाऊं एक उत्पादन कार्यक्रम संचालनको माध्यम बाट बजार एवं उपभोक्ताको मागका आधारमा स्थान बिषेसको पहिचान खुल्नेगरी खास बस्तुको उत्पादन प्रर्बधन र बजारीकारको माध्यमले कृषक लाई प्रत्यक्ष लाभ पुग्न जाने साथै मुल्य श्रृखला संग उत्पादक प्रत्यक्ष जोडिनेहुदा आर्थिक उपार्जनमा र गरिबी निबारमा योगदान पुग्ने छ ।

६. **कार्यक्रम अर्न्तगत संचालन हुने कृयाकलाप :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।
- ✓ आर्थिक बिकास समितिको बैठक संचालन ।
- ✓ समूह/समिति गठन परीचालन ।
- ✓ बस्तु वा सेवा खरीद बितरण ।
- ✓ तालिम, आहारा बिकास, परजिबि नियन्त्रन, खोप र स्वास्थ्य शिबिर सन्चालन ।

७. **आर्थिक नर्मस :**
- ✓ लजेष्टिक खर्च १५% सम्म गर्न सकिने छ ।
- ✓ तालिम/गोष्ठि सन्चालन खर्च १५% सम्म गर्न सकिने छ ।
- ✓ बस्तु सेवा समाग्री बितरणमा खर्च ७०% वा बाकि भए अनुरुप गर्नु पर्ने छ ।
- ✓ खरिद गरिएको बस्तु वा सेवा बितरणमा ढुवानि, भन्डारण, दैनिक हृयान्डलिङ गर्दा निम्न बमोजिमको ह्रास खर्च वा सुख्खा जर्दि रहने छ ।
    - बोट बिरुवाहरुमा २०% सम्म ।
    - पशु वस्तुहरुमा १५% सम्म ।
    - पन्छि/बिऊ बिजन/दानामा १०% सम्म ।

८. **लेखा अभिलेखका लागि आबश्यक पर्ने :**
- ✓ आर्थिक बिकास समिति बैठकको प्रतिलिपि ।
- ✓ समुह / समिति गठन रेकर्ड प्रतिलिपि ।
- ✓ तालिम उपस्थिति एवं प्रशिक्षण सामाग्री, खाजा, हल, भत्ता, आदि खर्चको बिल भर्पाई ।
- ✓ बस्तु वा सेवा खरिद बिल, संझौता एवं बितरण भर्पाई ।
- ✓ इन्धन, ढुवानि, भ्रमण खर्च बिल भर्पाई ।
- ✓ बिभिन्न लजेष्टिक कागजातहरु ।

९. **सार्बजनिक परिक्षणको लागि अभिलेख :**
- ✓ आर्थिक बिकास समिति बैठकको प्रतिलिपि ।
- ✓ बस्तू वा सेवा बितरण रेकर्ड ।
- ✓ बिभिन्न फोटोहरु ।
- ✓ प्रतिबेदन ।

१०. **निश्कर्ष :**

कार्यक्रमका माध्यमले पशुपालन क्षेत्रको प्रर्बधन, ब्यबसायीकरण र बजारिकरणमा योगदान पुचाउदै रोजगारीका अबसरहरुको श्रृजना हुने र आय आर्जनका माध्यमले गरीबि निबारणमा टेवा पुग्न जाने छ ।

५

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

घनश्याम पाण्डे
प्रमुख

परिच्छेद ४

## आहारा बिकास एवं पोषण सुधार कार्यक्रम

१. **भुमिका :**

व्यबसायीक पशु पालन र घाँस खेतिको अन्तसम्बन्ध अतिनै बिशिष्ट रहेको छ । पशु पालन व्यबसायको सफलताको लागि घाँसमा आधारित आहारा व्यबस्थापन हुन नसके व्यबसायमा त्यसको प्रत्यक्ष लागत बढ्न जानेहुदा व्यसायीक जोखिम बढ्न जाने हुन जान्छ त्यसैले हाल पशु आहारामा भै रहेको आहारा आपुर्तिको कमिलाई परिपुर्ति गर्न बिभिन्न मौसमि एवं बहुबर्षिय उन्नत घाँसको खेति गरी पशुहरुको आहारा एवं पोषण सुधार गर्ने उदेश्येले स्थानिय रुपमा कार्यक्रम सन्चालन गर्न आवश्क भएकाले तुलसिपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेश गरेकोमा आहारा बिकास एवं पोषण सुधार कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

- ✓ पोषन तथा गुणात्मक पशु आहाराको आपुर्तिका माध्यमले पशुहरुको स्वास्थ्यमा सुधार गरी दुध तथा मासुको उत्पादन एवं उत्पादकत्व बृद्धि गर्ने ।
- ✓ पशुजन्य उत्पादनको उत्पादन लागत घटाई पशुजन्य उत्पादन बहिरी बजारसंग प्रतिस्पर्धी बनाउने ।
- ✓ कृर्षि जन्य उप-पदार्थहरुमा आश्रित पशु आहारालाई केही हद सम्म बिस्थापन गरी हरीयो घाँसमा आधारीत पशु पालनले पशु आहाराको गुणस्तरमा उल्लेखनिय सुधार ल्याउने ।
- ✓ पशु पोषणमा सुधार गर्दै पशु स्वास्थ्य एवं पशु जन्य उत्पादन बढाउने ।

३. **कार्यक्रमको संचालन प्रकृया :**

३.१ कार्यक्रममा पशु पालक कृषक, कृषक समुह/समिति र सहकारिहरु लाई समाबेस गरीनेछ ।
३.२ निर्बाहमुखी पशु पालनमा संम्लग्न कृषकहरु समेत यस कार्यक्रममा समाबेस गरीने छ ।
३.३ कृषकको मागका आधारमा वडा कार्यालयहरुको सहकार्यमा कार्यक्रम संचालन गर्न सकिने छ ।
३.४ मौसम अनुसारका घाँसको बिउ / बिरुवाहरु कृषकहरु लाई बिंतरण गरीने छ ।
३.५ मौसमि/बहुबर्षे घाँसको बिऊ/डाले घाँसका बिरुवा नि:शुल्क वा सहकार्यमा बितरण गरिने छ ।
३.६ तयारी खनिज युक्त पोषण परिपुरकहरु लागत सहकार्यमा बितरण गरिने छ ।
३.७ घाँसका बिऊ/बिरुवाहरु एवं पोषण परिपुरक अनुसुचि-७ अनुसार बितरण हुनेछन् ।

४. **कार्यक्रम सन्चालनमा जिम्बेवारी :**

- ✓ तुलसीपुर उपमहानगरपालिका ।
- ✓ नगर कार्यपालिकाको कार्यालय ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ पशु सेवा शाखा ।

५. **कार्यक्रमको प्रतिफल :**

सन्तुलित पशु आहारा परिपुर्तिमा योगदानको माध्यमले पशुहरुको स्वास्थ्य अबस्थामा सुधार हुने, उत्पानमा बृद्धि हुने, प्रजनन् बिकृति लगाएतका समस्याहरु न्यूनहुने जस्ता सकारात्मक लक्षणहरु देखिनेछन् ।

६. **कार्यक्रम अर्न्तगत संचालनहुने कृयाकलाप :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।

- ✓ हिउदे, बर्षे,बहू बर्षे, घाँसको बिऊ खरीद एवं ढुवानि ।
- ✓ बिभिन्न घाँसको कटिङहरु, डालेघाँसको बेर्नाहरु खरीद एवं ढुवानि ।
- ✓ खनिज पोषन यूक्त तयारी सामाग्री खरीद एवं ढूवानि ।
- ✓ कृषक स्तरिय तालिम सन्चाल ।

घनश्याम पाण्डे
प्रमुख

७. **आर्थिक नर्मस :**

✓ लजेष्टिक खर्च १०% सम्म गर्न सकिने छ ।

✓ तालिम/गोष्ठि सन्चालन खर्च १५% सम्म गर्न सकिने छ ।

✓ बस्तु सेवा समाग्री बितरणमा खर्च ७५% वा बाकि भए अनुरुप गर्नु पर्ने छ ।

✓ खरिद गरिएको बस्तु वा सेवा बितरणमा ढुवानि गर्दा, भन्डारण गर्दा दैनिक ह्यान्डलिङ गर्दा निम्न बमोजिमको ह्रास खर्च वा सुख्खा जर्दि रहने छ ।

- बोट बिरुवाहरुमा २०% सम्म ।
- पन्छि/बिऊ बिजन/दानामा ५% सम्म ।
- अन्य बस्तु वा सामाग्रीहरुमा ५% सम्म ।

८. **लेखा अभिलेखका लागि आबश्यक पर्ने कागजात :**

✓ बस्तु वा सेवा खरीद एवं बितरण बिल भर्पाई ।

✓ सामाग्री ढुवानि एवं इन्धन भ्रमन खर्च बिल भपाई ।

✓ कार्यक्रम संचालन लजेष्टिक खर्च बिल भर्पाई ।

९. **सर्बजनिक परिक्षणको लागि अभिलेख :**

✓ आर्थिक बिकास समिति बैठक रेकर्ड ।

✓ बस्तु वा सेवा बितरर्ण रेकर्ड ।

✓ बिभिन्न फोटोहरु ।

✓ प्रतिबेदन ।

१०. **निश्कर्ष :**

कार्यक्रम बाट बर्तमान अबस्थामा पशु पालन पेशामा संम्लग्न कृषकहरुले पशुहरुको आहारा परिपुर्तिमा देखिएको समस्यामा राहत महसुस गर्नेछन् साथै सन्तुलित आहारा सुधारको माध्यम बाट पशुहरुको उत्पादकत्वमा बृद्धि हुनुका साथै कृषकहरुको आयस्तर सुधारमा समेत ठोस योगदान पुग्ने बिस्वास लिईएको छ ।

## परिच्छेद ५

## पशु स्वास्थ्य एवं परजिबि नियन्त्रण कार्यक्रम

१. **भुमिका :**

पशु पालन ब्यबसायमा बिभिन्न रोगहरुको कारण पशु पछिंहरुको अकालमा मृत्यू भई कृषकहरुले बेलाबेलामा ठुलो आर्थिक नोक्सानि ब्यहोर्नू परिरहेको छ यसरी भैरहेको नोक्सानि लाई कम गर्नको लागी पशु स्वास्थ्य, परजिबि नियन्त्रण सेवा लाई उपयुक्त रुपमा सन्चालन गर्न आबस्यक भएकोले तुलसीपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेश गरेकोमा पशु स्वास्थ्य एवं परजिबि नियन्त्रण कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

पशु स्वास्थ्य संरक्षण, परजिबि नियन्त्रणका माध्यमले पशुधनको संरक्षण गर्ने ।

३. **कार्यक्रमको संचालन प्रकृया :**

३.१ पशु सेवा शाखा मातहत संचालित पशु सेवा केन्द्रहरु (तुलसिपुर र उरहरी) मा उपचारा ल्याईएका पशु पछिंहरुको नि:शुल्क स्वास्थ्य परीक्षण, उपचार सेवा, परजिबि नियन्त्रण एवं नमुन जाँच सेवा संचाल गर्ने ।

३.२ आबस्यक पर्ने औषधि तथा उपकरणहरु अनुसुचि-८ बमोजिम खरीद गरीने छ ।

३.३. उपचारका लागी कृषकले उपचर केन्द्र सम्म ल्याएका पशुहरुको उपचार एवं पशुहरुलाई लाई बर्गीकरण गरी आभिलेख लाई मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिबेदनमा समाबेस गर्ने ।

३.४ शाखामा खरिद नभएका औषधिको हकमा कृषक स्वयमले ब्यबस्था गर्नुपर्ने छ ।

<u>पशु उपचारको बर्गिकरण</u>

(क) मेडिकल उपचार

सल्य चिकित्सा नगरीकनै औषधिको मात्र प्रयोग द्धारा उपचार गर्न सकिने ज्वरो, छेरौटि, थुनेलो, चर्मरोग, अरुचि, कब्जीयत र आन्तरी एवं बह्रय परजिबि जस्ता समस्याहरु यस सेवा अर्न्तगत पर्दछन ।

(ख) माइनर सर्जिकल उपचार

साधारण घाउ खटिराको सरसफाई, औसा परेको, पशु बन्ध्याकरण, र पिलो जस्ता लोक्कल ऐनेस्थेसियाको भरमा साधारण सल्य चिकित्सा पद्धति अपनाई पुचाउन सकिने सेवाहरु यस सेवा अर्न्तगत पर्दछन ।

(ग) मेजर सर्जिकल उपचार

जनरल ऐनेस्थेसियाको प्रयोग गरी शरीरका बिभिन्न क्याभिटि र अगं प्रत्यङ्ग हरु खोल्नु पर्ने जस्तै ल्यापारोटोमि, इन्टेरोटोमि, जस्ता बिशेष सल्य चिकिल्सा पद्धति अपनाई गरीने अप्रेसनहरु यस सेवा अर्न्तगत पर्दछन् । यो सेवा संचालनमा हाल रहने छैन ।

(घ) गाईनोक्लोजिकल उपचार

स्त्रि जातिका पशुहरुको प्रजनन् प्रणालिका रोगहरु जस्तै रिपिट ब्रिडिग, यनस्ट्रस, पाठेधरको संक्रमण, प्रोल्याप्स, भेजाइनल प्रोल्याप्स, रिटेन प्लेसेन्टा, डिस्टोकिया, आदी रोगाबस्थाको मेडिको सर्जिकल उपचार पद्धति उपनाई गरीने सेवाहरु यस अर्न्तगत सेवा अर्न्तगत पर्दछन ।

४. संक्रामक रोग नियन्त्रणका लागि उपमहानगरको बिभिन्न स्थानमा एकिकृत पशु स्वास्थ्य शिबिर संचालन गर्ने ।

४. **कार्यक्रम सन्चालनमा जिम्बेवारी :**

✓ तुलसीपुर उपमहानगरपालिका ।
✓ नगर कार्यपालिकाको कार्यालय ।
✓ पशु सेवा शाखा ।

५. **कार्यक्रमको प्रतिफल :**

पशुहरुमा यस सेवाको माध्यमले लगातार रुपमा गरिने आन्तरीक एवं बाह्रय परजिबि नियन्त्रण एवं बिभिन्न खाले स्वास्थ्य समस्याको प्रभावकारि स्वास्थ्य उपचार एवं परामर्सका माध्यमले पशु हरुको शारिरीक स्वस्थता कायम राख्दै कृषकहरुको ब्यबसायमा लगानी जोखिम कम गरी नोक्सानि कमगर्न यी सेवाहरु प्रभाबकारी हुने ।

६. **कार्यक्रम अर्न्तगत खर्चहुने शिर्षक :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।

✓ औषधि एवं उपकरण खरीद ।
✓ डिस्पेन्सरी संचालन ।
✓ शिबिर सन्चालन ।
✓ कार्यक्रम संचालन लजेष्टिक खर्च ।

७. **आर्थिक नर्मस :**

✓ लजेष्टिक खर्च १०% सम्म गर्न सकिने छ ।
✓ बस्तु सेवा समाग्री खरिदमा खर्च ९०% वा बाकि भए अनुरुप गर्नु पर्ने छ ।



घनश्याम पाण्डे
प्रमुख

✓ खरिद गरिएको बस्तु वा सेवा बितरणमा ढुवानि गर्दा, भन्डारण गर्दा दैनिक ह्यान्डलिङ गर्दा निम्न बमोजिमको ह्रास खर्च वा सुख्खा जर्दि रहने छ ।

- शिविर संचालनमा १०% सम्म ।
- नमुना संकलनमा १०% सम्म ।

८. **लेखा अभिलेखका लागि आबश्यक पर्ने कागजात :**

✓ बस्तु वा सेवा खरीदको बिल एवं अन्य कागजातहरु ।
✓ सामाग्री ढुवानि एवं इन्धन, भ्रमन खर्च बिल भर्पाई ।
✓ शिबिर संचालन खर्च ।
✓ कार्यक्रम संचालन लजेष्टिक खर्च बिल भर्पाई ।

९. **सार्बजनिक परिक्षणको लागि अभिलेख :**

✓ दैनिक बिरामि उपचार रेकर्ड ।
✓ शिबिर संचालनका रेकर्ड ।
✓ बिभिन्न फोटोहरु ।
✓ प्रतिबेदन ।

१०. **निश्कर्ष :**

कार्यक्रमका प्रभाबले निर्बाहामुखि पशु पालनको माध्यमले जिबिकोपार्जन गर्ने कृषक परिवार साथसाथै आयआर्जनका लागि ब्यबसायीक रुपले पशु पालन गर्दै आईरहनु भएका संपूर्ण कृषकहरु समेतका पशुहरुमा किल्निकल पशु उपचार एवं परामर्श सम्बन्धमा प्रदान गरीएको सेवाको प्रभाबले रोग नियन्त्रनमा योगदान पुग्ने ।

## परिच्छेद ६
## प्रयोगशाला सेवा कार्यक्रम सन्चालन

१. **भूमिका :**

पशु स्वास्थ्य सेवाको मेरुदण्डकोरुपमा रहेको रोग निदान सेवा नियमित र निरन्तर शाखाहरु बाट आधारभुत प्रयोगशालाकोरुपमा संचालन गर्न आबस्यक ठानि तुलसीपुर उपमहा नगरपालिकाको निति तथा कार्यक्रममा समाबेश गरेकोले प्रयोगशाला सेवा कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

✓ रोग निदान कार्यलाई भरपर्दो बनाउने ।
✓ महामारि रोग नियन्त्रमा योगदान पुचाउने ।
✓ प्रयोगशाला सेवा लाई प्रभाबकारी बनाउने ।
✓ उपचार कार्यलाई प्रभाबकारी र भरपर्दो बनाउने ।
✓ प्रयोगशाला सन्चालनका लागी आबस्यक सामाग्री एवं उपकरणको ब्यबस्था मिलाउने ।

३. **कार्यक्रमको संचालन प्रकृया :**

३.१ आबस्यक उपकरण, सामाग्री एवं केमिकलहरु खरिद गर्ने ।
३.२ नमुना संकलन,परिक्षण एवं प्रेसण गर्ने ।

**प्रयोगशालामा निम्न जाँचहरु गरीने ब्यबस्था मिलाईने छ ।**

✓ गोबर परिक्षण :- प्रयोगशालामा आन्तरिक परजिबिको पहिचानका लागि गोबर परिक्षणका सबै बिधि द्वारा गोबर जाच गर्ने ब्यबस्था मिलाऊनु पर्नेछ ।
✓ गर्भ परिक्षणका लागि पिशाब परिक्षण :- नउग्राउने जनाबरहरुको गर्भ परिक्षणका लागि मल्टि स्टिक बिधि बाट पिशाब जाच गर्ने ब्यबस्था मिलाउनु पर्नेछ ।

✓ थुनेलो परिक्षण :- दुध उत्पादन गर्ने जनाबरहरुमा हुने संक्रामक रोग थुनेलोको क्यालिफोर्निया मस्टाईटिस टेस्ट बिधिबाट जाँच गर्ने ब्यबस्था मिलाउनु पर्नेछ ।

✓ शब परिक्षण :- बिषेसगरी पछिंहरुको रोग निदानका लागि शब परिक्षणको ब्यबस्था मिलाउनु पर्नेछ ।

४. रोग फैलिएको समयमा आबस्यकता अनुसारको नमुना संकलन गर्ने ।

५. उच्च तहका प्रयोगशालामा नमुना जाँचका लागी पठाउने ।

६. प्रयोगशाला उपकरणको ब्यबस्था मिलाउने र प्राबिधिकको क्षमता बिकास गर्दै जाने ।

**४: कार्यक्रम सन्चालनमा जिम्बेवारी :**

✓ तुलसीपुर उपमहानगरपालिका ।
✓ नगर कार्यपालिकाको कार्यालय ।
✓ पशु सेवा शाखा ।

**५. कार्यक्रमको प्रतिफल :**

पशु उपचारमा रोग निदान कार्य सहज हुदा उपचार कार्य बढि प्रभाबकारी, सरल सस्तो, छीटो एवं भरपर्दो हुने ।

**६. कार्यक्रम खर्चहुने शिर्षक बिबरण :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।

✓ उपकरण एवं समाग्रीहरु खरीद ।
✓ रि-एजेन्ट एवं रसायनहरु खरीद ।
✓ नमुना संकलन एवं डिस्प्याच खर्च ।
✓ प्रयोगशाला संचालन लजेष्टिक खर्च ।

**७. आर्थिक नर्मस :**

✓ लजेष्टिक खर्च ५०% सम्म गर्न सकिने छ ।
✓ बस्तु सेवा समाग्री खरिदमा खर्च ५०% वा बाकि भए अनुरुप गर्नुपर्ने छ ।

***नोट : कार्यक्रमको औचित्यको आधारमा खर्च शिर्षक हेरफेर हुन सक्ने ।***

**८. लेखा अभिलेखका लागि आबश्यक पर्ने कागजात :**

✓ उपकरणहरु खरीद बिल भर्पाई ।
✓ रि-एजेन्ट आदि खरीदको बिल भर्पाई ।
✓ सामाग्री एवं नमुना ढुवानि खर्च बिल भपाई ।
✓ इन्धन भ्रमण खर्च बिल भपाई ।
✓ लजेष्टिक खर्च बिल भर्पाइहरु ।

**९. सर्बजनिक परिक्षणको लागि अभिलेख :**

✓ प्रयोगशाला नमुना जाच रेकर्ड ।
✓ पोष्टमार्टम रेकर्ड ।
✓ बिभिन्न फोटोहरु ।
✓ प्रतिबेदन ।

**१०. निश्कर्ष :**

प्रयोगशाला सेवा पशु स्वास्थ्यको मेरुदण्ड को रुपमा रहेको छ । रोगको सहि निदान बिना सहि उपचार सम्भव छैन । त्यसैले प्रयोगशाला सेवा कार्यक्रमका प्रभाबले पशुरोग नियन्त्रनमा योगदान पुग्न गई उपचार कार्यमा सरलता एवं प्रभाबकारिता आउने बिश्वास लिईएको छ ।

## परिच्छेद ७
## पशु खोप कार्यक्रम सन्चालन

१. **भुमिका :**

पशुहरुमा देखिने बहुसंख्यक संक्रामक रोगहरुको संक्रमण भई सकेपछि औषधिको प्रयोगबाट उपचार गर्न कठिन हुन्छ वा सघन उपचारको आबस्यकता पर्दछ जुन कृषकका लागी आर्थिक दृष्टिकोणले अतिनै महंगो र झन्झटिलो हुन्छ । तुलसीपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेश गरेकोले पशु खोप कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

आर्थिक दृष्टिकोणले महत्वपुर्ण एवं महामारीकोरुपमा फैलने बिभिन्न संक्रामक रोगहरु बिरुद्ध पशुमा समुहिक खोप कार्यक्रम संचालन गरि रोगको फैलावट र नियन्त्रन गर्न सहयोग गर्ने ।

३. **कार्यक्रम संचालन प्रकृया :**

१. खोप कार्यक्रम सन्चालन गर्दा नि:शूल्क रुपमा सन्चालन गरीने छ ।
२. खोप कार्य प्रभाबकारी रुपमा संचालन गर्न सुचना, प्रसार प्रचार गर्नुपर्ने छ ।
३. खोपको समय तालिका निर्धारण गरि खोप कार्यक्रम स्थलगत रुपमा सन्चालन गर्नुपर्ने छ ।
४. पशु खोप संक्रामक रोगको जोखिम क्षेत्र पहिचान गरी सामुहिक रुपमा सन्चालन गरीने छ ।
५. खोप कार्यकर्ताको रुपमा निम्न प्राबिधिक जनशक्तिको परिचालन गर्न सकिने छ ।
   - ✓ ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता ।
   - ✓ पाराभेटेरिनरीएन ।
६. खोप कार्यकर्ता भर्ना गर्न अनुसुचि-९ को ढाँचामा सुचना प्रकासन गर्नुपर्ने छ ।
७. इच्छुक ब्यक्तिले अनुसुचि- १० को ढाँचामा कार्यालयमा निबेदन दर्ता गराउनु पर्ने छ ।
८. खोप कार्यकर्ता लाई अनुसुचि-११ बमोजिमका लजेष्टिक सामाग्री उपलब्ध गराउनु पर्ने छ ।
९. खोप कार्यकर्ताले खोप रेकर्डका लागि निम्न बमोजिमको अनुसुचि प्रयोग गर्नुपर्ने छ ।
   - ✓ पि.पि.आर को लागि अनुसुचि -१२
   - ✓ भ्यागुते/चरचरे को लागि अनुसुचि -१३
   - ✓ खोरेत को लागि अनुसुचि -१४
   - ✓ क्लासिकल स्वाईन फिबरको लागि अनुसुचि -१५
१०. खोप रेकर्ड आर्थिक बिकास समिति र संबन्धित वडा अध्यक्ष संग प्रमाणित गराउनु पर्ने छ ।
११. खोप कार्यकर्ताले पारिश्रमिकका लागि अनुसुचि-१६ को ढाँचामा निबेदन दर्ता गराउनु पर्ने छ ।
१२. खोपकार्य गरे बाफत खोप कार्यकताले निम्न बमोजिमको परिश्रमिक प्राप्त गर्ने छन् ।
   - ✓ खोरेत खोप बाफत रु २०।- प्रति पशु
   - ✓ भ्यागुते/चरचरे खोप बाफत रु १५।- प्रति पशु
   - ✓ पि.पि.आर. खोप बाफत रु १०।- प्रति पशु
   - ✓ स्वाइन फिबर खोप बाफत रु २०।- प्रति पशु
१४. खोप कार्यक्रमको अनुगमनका लागि समिति गठन गरीनेछ ।

**खोप अनुगमन समिति देहाय बमोजिमको हुने छ**

- ✓ नगर प्रमुख वा प्रतिनिधि ।
- ✓ प्रमुख प्रसासकिय अधिकृत वा प्रतिनिधि ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ सम्बन्धित वडा अध्यक्ष ।
- ✓ पशु सेवा शाखा ।



तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे प्रमुख

## परिच्छेद ७
## पशु खोप कार्यक्रम सन्चालन

१. **भुमिका :**

पशुहरुमा देखिने बहुसंख्यक संक्रामक रोगहरुको संक्रमण भई सकेपछि औषधिको प्रयोगबाट उपचार गर्न कठिन हुन्छ वा सघन उपचारको आबस्यकता पर्दछ जुन कृषकका लागी आर्थिक दृष्टिकोणले अतिनै महंगो र झन्झटिलो हुन्छ । तुलसीपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेश गरेकोले पशु खोप कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

आर्थिक दृष्टिकोणले महत्वपुर्ण एवं महामारीकोरुपमा फैलने बिभिन्न संक्रामक रोगहरु बिरुद्ध पशुमा समुहिक खोप कार्यक्रम संचालन गरि रोगको फैलावट र नियन्त्रन गर्न सहयोग गर्ने ।

३. **कार्यक्रम संचालन प्रकृया :**

१. खोप कार्यक्रम सन्चालन गर्दा नि:शूल्क रुपमा सन्चालन गरीने छ ।
२. खोप कार्य प्रभाबकारी रुपमा संचालन गर्न सुचना, प्रसार प्रचार गर्नुपर्ने छ ।
३. खोपको समय तालिका निर्धारण गरि खोप कार्यक्रम स्थलगत रुपमा सन्चालन गर्नुपर्ने छ ।
४. पशु खोप संक्रामक रोगको जोखिम क्षेत्र पहिचान गरी सामुहिक रुपमा सन्चालन गरीने छ ।
५. खोप कार्यकर्ताको रुपमा निम्न प्राबिधिक जनशक्तिको परिचालन गर्न सकिने छ ।
   - ✓ ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता ।
   - ✓ पाराभेटेरिनरीएन ।
६. खोप कार्यकर्ता भर्ना गर्न अनुसुचि-९ को ढाँचामा सुचना प्रकासन गर्नुपर्ने छ ।
७. इच्छुक ब्यक्तिले अनुसुचि- १० को ढाँचामा कार्यालयमा निबेदन दर्ता गराउनु पर्ने छ ।
८. खोप कार्यकर्ता लाई अनुसुचि-११ बमोजिमका लजेष्टिक सामाग्री उपलब्ध गराउनु पर्ने छ ।
९. खोप कार्यकर्ताले खोप रेकर्डका लागि निम्न बमोजिमको अनुसुचि प्रयोग गर्नुपर्ने छ ।
   - ✓ पि.पि.आर को लागि अनुसुचि -१२
   - ✓ भ्यागूते/चरचरे को लागि अनुसुचि -१३
   - ✓ खोरेत को लागि अनुसुचि -१४
   - ✓ क्लासिकल स्वाईन फिबरको लागि अनुसुचि -१५
१०. खोप रेकर्ड आर्थिक बिकास समिति र संबन्धित वडा अध्यक्ष संग प्रमाणित गराउनु पर्ने छ ।
११. खोप कार्यकर्ताले पारिश्रमिकका लागि अनुसुचि-१६ को ढाँचामा निबेदन दर्ता गराउनु पर्ने छ ।
१२. खोपकार्य गरे बाफत खोप कार्यकताले निम्न बमोजिमको परिश्रमिक प्राप्त गर्ने छन् ।
   - ✓ खोरेत खोप बाफत रु २०।- प्रति पशु
   - ✓ भ्यागुते/चरचरे खोप बाफत रु १५।- प्रति पशु
   - ✓ पि.पि.आर. खोप बाफत रु १०।- प्रति पशु
   - ✓ स्वाइन फिबर खोप बाफत रु २०।- प्रति पशु
१४. खोप कार्यक्रमको अनुगमनका लागि समिति गठन गरीनेछ ।

**खोप अनुगमन समिति देहाय बमोजिमको हुने छ**

- ✓ नगर प्रमुख वा प्रतिनिधि ।
- ✓ प्रमुख प्रसासकिय अधिकृत वा प्रतिनिधि ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ सम्बन्धित वडा अध्यक्ष ।
- ✓ पशु सेवा शाखा ।



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७२

४. **कार्यक्रम सन्चालनमा जिम्बेवारी :**
- ✓ तुलसीपुर उपमहानगरपालिका ।
- ✓ नगर कार्यपालिकाको कार्यालय ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ सम्बन्धित वडा अध्यक्ष ।
- ✓ पशु सेवा शाखा ।
- ✓ खोप कार्यकर्ताहरु ।

५. **कार्यक्रमको प्रतिफल :**

बिभिन्न संक्रामक रोगहरुको कारण पशुहरुको स्वास्थ्य अबस्थामा संकट उत्पन्न भै पशु वस्तुको अकालमा मृत्यु हुनजाने हुदा यस कार्यक्रम संचालको माध्मले सो समस्या बाट पशु पालन ब्यबसायमा सम्लग्न कृषकको भईरहेको आर्थिक नोक्सानि कम गर्न सकिनुको साथै स्वस्थ्य पशु जमात तयार गर्न सकिने छ ।

६. **कायर्क्रम अर्न्तगत खर्चहुने शिर्षक :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।
- ✓ सचेतना कृयाकलाप सन्चालन ।
- ✓ खोप एवं अन्य सामाग्री खरीद ढुवानि ।
- ✓ खोप कार्यकता पारिश्रमिक ।
- ✓ कार्यक्रम अनुगमन, दैनिक भ्रमण खर्च ।
- ✓ कार्यक्रम संचालन लजेष्टिक खर्च ।

७. **आर्थिक नर्मस :**
- ✓ लजेष्टिक खर्च १५% सम्म गर्न सकिने छ ।
- ✓ तालिम/गोष्ठि सन्चालन १५% सम्म गर्न सकिने छ ।
- ✓ बस्तु, सेवा, समाग्री खरिमा खर्च ७०% वा बाकि भए अनुरुप गर्नुपर्ने छ ।
- ✓ खरिद गरिएको बस्तु वा सेवा बितरणमा ढुवानि गर्दा, भन्डारण गर्दा दैनिक ह्यान्डलिङ गर्दा निम्न बमोजिमको ह्रास खर्च वा सुख्खा जर्दि रहने छ ।
  - खोप तथा खोप सामाग्रीहरुमा २५% सम्म ।

८. **लेखा अभिलेखका लागि आबश्यक पर्ने कागजात :**
- ✓ बस्तु वा सेवा खरीदको बिल भर्पाई एवं अन्य कागजात ।
- ✓ सामाग्री ढुवानि एवं इन्धन भ्रमण खर्च बिल भपाई ।
- ✓ प्रमाणित खोप रेकर्ड ।
- ✓ खोप कार्यकर्ता नियूक्ति पत्र ।
- ✓ लजेष्टिक खर्च बिल भर्पाई ।

९. **सामाजिक तथा सर्बजनिक परिक्षणको लागि अभिलेख :**
- ✓ पशु खोप रेकर्ड ।
- ✓ बिभिन्न फोटोहरु ।
- ✓ प्रतिबेदन ।

१०. **निश्कर्ष :**

कार्यक्रमका प्रभावले पशु पालनको माध्यमले जिबिकोपार्जन गर्ने देखि ब्यबसायीक पशुपालन गर्ने कृषकहरु समेतका पशुहरुमा रोग नियन्त्रनमा योगदान पुग्ने र पशु जन्य उत्पादन एवं उत्पादकत्वमा बृद्धि समेत योगदान पुग्ने बिश्वास लिईएको छ ।

## परिच्छेद ८

## पशु नश्ल सुधार कार्यक्रम सन्चालन

१ **भुमिका :**

नेपालमा दुधमा आधारीत उद्योगहरुको बृद्धि हुदै जानुको साथै दुध तथा दुग्ध जन्य पदार्थको उपभोगमा समेत बृद्धिभै बजारमा माग अनुसारको आपुर्ति हुन नसकेकाले दुध तथा मासुको उत्पादकत्वमा बृद्धि गर्नका लागी पशु नश्ल सुधार गर्न कृतिम गर्भाधान कार्यलाई सरकारी र निजिक्षेत्रका माध्यम बाट संचालन गर्न तुलसीपुर उपमहानगरपालिकाले निति तथा कार्यक्रममा समाबेश गरेकोले पशु पशु नश्ल सुधार कार्यक्रम प्रभावकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मूख्य उदेश्यहरु :**

- ✓ पशुहरुमा नश्ल सुधार सेवा प्रदान गरी बढि उत्पादन मुलक क्षमताका नयां बर्णसंकर सन्तान उत्पादन गर्दै जाने ।
- ✓ उनुत्पादक पशु जमात को प्रजनन लाई नियन्त्रण गर्दै जाने ।
- ✓ दुध तथा मासुको उत्पादन तथा उत्पादकत्व बृद्धी गर्ने ।
- ✓ प्राबिधिकहरुको क्षमतामा बृद्धी गर्ने ।

३. **कार्यक्रमको संचालन प्रकृया :**

कार्यक्रम संचालन निम्न २ प्रकृया बाट हुनेछन् ।

३.१ **कृतिम गर्भाधारणको तरिकाले नश्ल सुधार कार्यक्रम संचालन देहाय बमोजिम हुनेछ ।**

१. कृतिम गर्भाधान कार्यकालागी सम्पुर्ण आबस्यक उपकरणहरुको प्रबन्ध मिलाउने ।

३. कृतिम गर्भाधारण कार्यकालागी आबस्यक सम्पुर्ण लाजेस्टिक सामाग्री नि:शुल्क इन्सिमिनेटरहरु लाई उपलब्ध गराईने छ ।

४. तरल नाइट्रोजन, सीमेन स्ट, अन्य लाजेस्टिक सामाग्री आपुर्ति ब्यबस्था मिलाउनु पर्ने छ ।

५. पशु सेवा केन्द्रहरु बाट नि:शुल्क रुपमा कृयाकलाप संचालन गरिने छ ।

३.२ **प्राकृतिक गर्भाधारणको माध्यम बाट नश्ल सुधार कार्यक्रम संचालन देहाय बमोजिम हुनेछ ।**

१. प्रजनन् प्रयोजनका लागी समुह, ब्रिडर एवं ब्यबसायीक कृषक मार्फत उन्नत नश्लको जनाबर (भाले / पोथि) उपलब्ध गराउन यो कार्यक्रम सन्चालन गरीने छ ।

२. अनुसुचि-१ को ढाँचामा १५ दिने सुचना प्रकासन गरी प्रस्ताब आह्वान गर्ने ।

३. सुचनामा तोकिए बमोजिमको सम्पुर्ण कागजातहरु सहित दफा ३.२ मा उल्लेखित कार्यक्रममा सहभागिहुन मापदण्ड पुगेका इच्छुक आबेदकले अनुसुचि-२ को ढाँचामा प्रस्ताबका साथमा अनुसुचि-३ को ढाँचामा बिबरण सहित प्रस्ताब नगरकार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

४. आर्थिक बिकास समितिको बैठक बसि प्रस्ताब भेरिफिकेशन समिति गठन गर्ने ।

**भेरीफिकेशन समिति निम्न बमोजिम रहने छ**

- नगर प्रमुख वा प्रतिनिधि ।
- प्रमुख प्रसासकिय अधिकृत वा प्रतिनिधि ।
- आर्थिक बिकास समिति ।
- पशु सेवा शाखा ।

५. समितिले मापदण्ड पुरा भएका प्रस्ताब फिल्ड भेरिफिकेसनका लागि छनौट गर्ने छ ।

६. मापदण्ड पुराभएका दफा ३.२ बमोजिम सहभागि हुने प्रस्ताब माथि समितिले स्थलगत रुपमा अनुसुचि -४ को ढाँचामा मुल्याङ्कन गरी प्रस्ताब छनौट गर्ने छ ।

७. शाखाले छनौटमा परेका प्रस्ताबको नामाबलि प्रकासन गरी संभौताको लाति आह्वान गर्ने छ ।

८. छनौट भएका प्रस्ताबकले अनुसुचि-५ को ढाँचामा समिति संग संभौता गर्नु पर्ने छ ।

३.३ निम्न बमोजिम अनुदान लाभग्राहि कृषकले प्राप्त गर्न सक्ने छन् ।

३.१ बोकाको लागी : परल मुल्यको आधा वा प्रति के.जि.पाँच सय रुपैया (जिऊदो) वा बढिमा बिस हजार रुपैया मध्य जुन कम हुन आउछ ।

३.२ पाठिको लागी : परल मुल्यको आधा वा प्रति के.जि. तिन सय रुपैया (जिऊदो) वा बढिमा आठ हजार रुपैया मध्य जुन कम हुन आउदछ ।

३.३ रागोको लागी :परल मूल्यको आधा वा बढिमा चालिस हजार रुपैया मध्य जुन कमहुन आउदछ ।

३.४ थोरे/कोरलि को लागी :परल मुल्यको आधा वा बढिमा बिस हजार रुपैया मध्य जुन कमहुन आउछ ।

३.५ बंगुर(बिर/भूनि)को लागी : परल मुल्यको आधा वा बढिमा आठ हजार रुपैया मध्य जुन कमहुन आउछ ।

४.४ खरीद गरेको बस्तुको ढुवानि स्वयं अनुदानग्राहिले आफै गर्नुपर्ने छ ।

४.५ प्रस्तावकले अनुसुचि-६ को ढाँचामा सहकार्य बाफतको अनुदान भुक्तानि माग्नु पर्ने छ ।

४. कार्यक्रम सन्चालनमा जिम्बेवारी :

- ✓ तुलसिपुर उपमहानगरपालिका ।
- ✓ पशु प्रजनन् कार्यालय बाके ।
- ✓ नगर कार्यपालिकाको कार्यालय ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ पशुसेवा शाखा ।
- ✓ इन्सिमिनेटर ।

५. कार्यक्रमको प्रतिफल :

स्थानिय कम उत्पादनशिल नश्लका पशुहरुमा उच्च गुणस्तरका पशुहरुको नश्ल बिकास हुदै जाने, उत्पादनशिल नयाँ सन्तानहरुको बिकास हुदै जानेछ ।

६ कार्यक्रम अर्न्तगत खर्चहुने शिर्षक :

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।

- ✓ कृतिम गर्भाधान लजेष्टिक एवं अन्य सामाग्री खरीद एवं ढुवानि ।
- ✓ प्रा.ग.का लागी उन्नत जनाबर खरिद अनुदान बितरण ।
- ✓ फिल्ड भेरिफिकेशन ।
- ✓ दैनिक भ्रमण खर्च ।
- ✓ कार्यक्रम संचालन लजेष्टिक खर्च ।

७. आर्थिक नर्मस :

७.१ *कृतिम गर्भाधारण सेवा संचालन ।*

- ✓ लजेष्टिक खर्च ४०% सम्म गर्न सकिने छ ।
- ✓ तालिम/गोष्ठि सन्चालन खर्च १०% सम्म गर्न सकिने छ ।
- ✓ बस्तु सेवा समाग्री खरिद एवं भ्रमण खर्च ५०% वा बाकि भए अनुरुप गर्नु पर्ने छ ।
- ✓ खरिद गरिएको बस्तु वा सेवा बितरणमा ढुवानि गर्दा,भन्डारण गर्दा दैनिक ह्यान्डलिङ गर्दा निम्न बमोजिमको ह्रास खर्च वा सुख्खा जर्दि रहने छ ।
  - सिमेन स्ट्र ४०% सम्म ।
  - लिक्विड नाईट्रोजन ४०% सम्म ।
  - अन्य सामाग्री हरुमा १०% सम्म ।

७.२ *प्रा.ग.सेवा संचालन ।*

- ✓ लजेष्टिक खर्च १५% सम्म गर्न सकिने छ ।
- ✓ भ्रमण खर्च ५% संम्म गर्न सकिने छ ।
- ✓ बस्तु सेवा समाग्री खरिद खर्च ८०% वो बाकि भएं अनुरुप गर्नुपर्ने छ ।
- ✓ खरिद गरिएको बस्तु वा सेवा बितरणमा ढुवानि गर्दा, भन्डारण गर्दा दैनिक ह्यान्डलिङ गर्दा निम्न बमोजिमको ह्रास खर्च वा सुख्खा जर्दि रहने छ ।
  - पशु वस्तुहरुमा १५% सम्म ।
  - अन्य सामाग्री हरुमा १०% सम्म ।

८. **लेखा अभिलेखका लागि आबश्यक पर्ने कागजात :**

- ✓ तरल नाईटोजन, सिमेन स्ट्र, लजेष्टिक सामाग्री खरीद, ढुवानि बिल भर्पाई ।
- ✓ प्रा.ग.का लागि खरिद गरीएका बस्तुको बिल भर्पाइ एवं बितरण भर्पाइ र संझौता ।
- ✓ भ्रमन खर्च, इन्धन बिल आदि ।
- ✓ लजेष्टिक खर्च बिल भर्पाई ।

९. **सर्बजनिक परिक्षणको लागि अभिलेख :**

- ✓ कृतिम गर्भाधान रेकर्ड ।
- ✓ प्रा.ग.का लागि खरिद गरीएका बस्तु बितरणको संझौता-पत्र ।
- ✓ बिभिन्न फोटोहरु ।
- ✓ प्रतिवेदन ।

१०. **निश्कर्ष :**

कार्यक्रम बाट खासगरी स्थानिय नश्लका पशुहरुमा नश्ल सुधार भई उत्पादकत्वमा बृद्धी हुनका साथै कृषकहरुको आय स्तरमा सुधार एवं रोजगारीको अबसरहरु समेतको सृजना हुदै बर्णसंकर पशुहरुको सख्या बढ्ने,बर्णसंकर पशुहरुको श्रोत बिकासमा समेत ठोस योगदान पुग्ने बिस्वास लिईयको छ ।

## परिच्छेद ९
## बजार प्रर्बधन एवं यान्त्रिकरण कार्यक्रम सन्चालन

१. **भुमिका :**

ब्यबसायीक पशुपालन फर्महरुको आधुनिक ब्यबस्थापनका लागी त्यसलाई यान्त्रिकरण र पशुजन्य उत्पादनको उपयुक्त बजार ब्यबस्थापनका लागि त्यसको बजार प्रर्बधन अत्यन्त आबस्यक कृयाकलापहरु हुन् । बजारमा उपभोक्ता लाई गुणस्तरिय पशुजन्य पदार्थको उपभोगको सुनिश्चितता गर्न डेरी पसल एवं उद्योगहरु , दुध संकलक, मासु पसल, पशु बधशालाको स्तर उन्नति गर्नुको साथै पशुजन्य उत्पादन बढाउन पशुपालन फर्महरुको यान्त्रिकरण गर्न आबस्यक देखि तुलसीपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेश गरेकोले बजार प्रर्बधन एवं यान्त्रिकरण कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

- ✓ स्वच्छ तथा स्वस्थ पशुजन्य उत्पादन उपभोक्ता सम्म पुचाउने ।
- ✓ पशु जन्य उत्पादनको उत्पादकत्व र गुणस्तर बढाउने ।
- ✓ उत्पादन लागत कम गर्ने ।
- ✓ पशुजन्य उत्पादको बिबिधिकरण गर्दै जाने ।
- ✓ पशुपालन फर्महरुको ब्यबस्थापन सुदृढ गर्दै जाने ।



घनश्याम पाण्डे
प्रमुख

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७४

३. **कार्यक्रमको संचालन प्रकृया :**

३.१ अनुसुचि-१ को ढाँचामा पत्रपत्रिका मा १५(पन्द्र)दिने सुचना प्रकासन गरी प्रस्ताब आह्वान गर्ने ।

३.२ तोकिए बमोजिमको सम्पुर्ण कागजात सहित कार्यक्रममा सहभागी हुन मापदण्ड पुगेका इच्छुक आबेदकले अनुसूचि-२ को ढाँचा मा प्रस्ताब र अनुसूचि-३ को ढाँचामा बिबरण सहित प्रस्ताव नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्ने छ ।

३.३ समितिको बैठक बसि प्रस्ताब भेरिफिकेशन समिति गठन गर्ने ।

**भेरीफिकेशन समिति निम्न बमोजिम रहने छ**

- नगर प्रमुख वा प्रतिनिधि ।
- प्रमुख प्रसासकिय अधिकृत वा प्रतिनिधि ।
- आर्थिक बिकास समिति ।
- पशु सेवा शाखा ।

३.४ समितिले मापदण्ड पुरा भएका प्रस्ताब फिल्ड भेरिफिकेसनका लागि छनौट गर्ने छ ।

३.५ मापदण्ड पुरा भएका प्रस्ताब माथि समितिले स्थलगत रुपमा अनुसुचि-४ को ढाँचामा मुल्याङ्कन गरी प्रस्ताब छनौट गर्ने छ ।

३.६ शाखाले छनौटमा परेका प्रस्ताबको नामाबलि प्रकासन गरी संझौताको लाति आह्वान गर्ने छ ।

३.७ छनौट भएका प्रस्ताबकले अनुसुचि-५को ढाँचामा समिति संग संझौता गर्नु पर्ने छ ।

३.८ प्रस्ताबकले निम्न बमोजिम अनुदान प्राप्त गर्न सक्ने छ ।

- ✓ **चारा मेसिन**: परल मुल्यको आधा वा बढिमा बिसहजार रुपैया मध्य जुन कमहुन आउछ ।
- ✓ **मिल्क क्यान**: परल मुल्यको आधा वा बढिमा सातहजार रुपैया मध्य जुन कमहुन आउछ ।
- ✓ **ग्रान्डर मेसिन**:परल मुल्यको आधा वा बढिमा बिसहजार रुपैया मध्य जुन कमहुन आउछ ।
- ✓ **जाल(माछा)**: परल मुल्यको आधा वा बढिमा दशहजार रुपैया मध्य जुन कमहुन आउछ ।
- ✓ **डि.फ्रिज**: परल मुल्यको आधा वा पन्द्रहजार मध्य जुन कमहुन आउछ ।

३.९ खरीद गरेको बस्तुको ढुवानि स्वयं लाभग्राही आफैले गनुपर्ने छ ।

३.१० प्रस्ताबकले अनुसुचि-६ को ढाँचामा सहकार्य बाफतको अनुदान भुक्तानि माग्नु पर्ने छ ।

४. **कार्यक्रम सन्चालनमा जिम्बेवारी :**

- ✓ तुलसीपुर उपमहानगरपालिका ।
- ✓ नगर कार्यपालिकाको कार्यालय ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ पशु सेवा शाखा ।

५. **कार्यक्रमको प्रतिफल :**

पशु जन्य बिभिन्न उत्पादनहरु लाई उपभोक्ता सम्म स्वच्छ र स्वस्थ तरिका बाट पुचाउने ,गुणस्तर लामो समय सम्म कायम राख्ने, उत्पादन लागत कमहुन जाने ।

६. **कार्यक्रम अर्न्तगत खर्चहुने शिर्षक :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।

- ✓ आर्थिक समिति बैकक संचालन ।
- ✓ स्थलगन भेरिफिकेसन ।
- ✓ बस्तु वा सेवा खरिद बितरण ।
- ✓ यातायात एवं भ्रमण खर्च ।
- ✓ कार्यक्रम संचालन लजेष्टिक खर्च ।

७. आर्थिक नर्मस :
- ✓ लजेष्टिक खर्च १०% सम्म गर्न सकिने छ ।
- ✓ भ्रमण खर्च १०% सम्म गर्न सकिने छ ।
- ✓ स्थलगन भेरिफिकेसन खर्च १०% सम्म गर्न सकिने छ ।
- ✓ बस्तु सेवा समाग्री खरिदमा ७०% वा बाकि भए अनूरुप गर्नुपर्ने छ ।

८. लेखा अभिलेखका लागि आबश्यक पर्ने कागजात :
- ✓ आर्थिक बिकास समिति बैठक संचालनको प्रतिलिपि ।
- ✓ कार्यक्रम सन्चालन प्रस्ताब आह्वानको सुचना एवं प्रस्ताबहरु ।
- ✓ स्विकृत प्रस्ताबको नामाबलि बिबरण ।
- ✓ संझौता पत्र ।
- ✓ बस्तु वा सेवा खरिदको नियमानुसारको बिल भर्पाई एवं हस्तान्तरण भर्पाई ।

९. सार्बजनिक परिक्षणको लागि अभिलेख :
- ✓ आर्थिक बिकास समिति बैठको प्रतिलिपि ।
- ✓ कार्यक्रम सन्चालन प्रस्ताब आह्वानको सुचना ।
- ✓ बस्तु वा सेवा हस्तान्तरण भर्पाई ।
- ✓ प्रतिबेदन ।

१०. निश्कर्ष :

यस कार्यक्रमको प्रभावले स्वस्थ एवं स्वच्छ तरीकाले दुध ढुवानिमा ठोस योगदान पुग्ने साथै ब्यबसायीक पशु पालन फर्महरु समेत सुदृढ हुदै जाने बिस्वास लिईयको छ ।

## परिच्छेद १०
## मत्स्य बिकास कार्यक्रम सन्चालन

१ भुमिका

देशको कुल ग्राहस्थ उत्पादनमा उच्च योगदान राख्ने मत्स्य क्षेत्र बिस्तारै ब्यबसायिकता तर्फ अग्रसर हुदै गईरहेको सर्न्दभमा यस क्षेत्रको बिकासका लागी लगानि बिस्तार गरी समग्र ब्यबसायलाई प्रतिशप्रर्धि बनाउन आबस्यक छ । यसका लागी माछा पालन एवं प्रर्बधन बिकास गर्न आबस्यक ठानिएको हुदा यो कार्यक्रम सन्चालन गरी ग्रामिण क्षेत्रमा स्वरोजगारका अबसरहरुको श्रृजना हुनुको साथै कृषकहरुको आर्थिक उपार्जनमा योगदान पुग्ने उदेश्यले तुलसीपुर उपमहानगरपालिकाले आप्नो निति तथा कार्यक्रममा समाबेश गरेकोले बजार प्रर्बधन एवं यान्त्रिकरण कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. कार्यक्रमको मुख्य उदेश्यहरु :
- ✓ मत्स्य पालन सम्बन्धमा नबिनतम प्रबिधि बिस्तार गर्दै जाने ।
- ✓ माछा पालक ब्यवसायी लाई प्रोत्साहन गर्दै जाने ।
- ✓ माछाका भुरा ढुवानिमा सहकार्य गर्ने ।
- ✓ माछापालनको क्षेत्र बिस्तारमा सहकार्य गर्ने ।
- ✓ ब्यबसायीक माछा फर्म भिजिट गर्दै माछापालनमा कृषकले ब्यहोर्नु परेका समस्याहरु निराकरणका लागी प्राबिधिक सहयोग एवं परामर्श सेवा उपलब्ध गराउने ।

३. कार्यक्रम संचालन प्रकृया :

३.१ माछा पोखरी निर्माण अनुदान बितरण तर्फ ।

१ लागत साझेदारीमा माछा पोखरी निर्माण गर्न अनुदान बितरण गर्ने ।

२ अनुसुचि-१ को ढाँचामा १५ दिने सुचना प्रकासन गरी प्रस्ताब आह्वान गर्ने ।



तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे प्रमुख

३ सुचनामा तोकिए बमोजिमको सम्पुर्ण कागजातहरु सहित दफा ३.१ मा उल्लेखित कार्यक्रममा सहभागि हुन मापदण्ड पुगेका इच्छुक आबेदकले अनुसुचि -२ को ढाँचामा प्रस्तावका साथमा अनुसुचि-३ को ढाँचा मा निबेदन दर्ता गराउनु पर्ने छ ।

४ समितिको बैठक बासि प्रस्ताब भेरिफिकेशन समिति गठन गर्ने ।

**भेरीफिकेशन समिति निम्न बमोजिम रहने छ ।**

- नगर प्रमुख वा प्रतिनिधि ।
- प्रमुख प्रसाकिय अधिकृत वा प्रतिनिधि ।
- आर्थिक बिकास समिति संयोजक वा प्रतिनिधि ।
- पशु सेवा शाखा ।

५ समितिले मापदण्ड पुरा भएका प्रस्ताब फिल्ड भेरिफिकेसनका लागि छनौट गर्ने छ ।

६ मापदण्ड पुरा भएका दफा ४.१ बमोजिम कार्यक्रममा सहभागि हुने प्रस्ताब माथि समितिले स्थलगत रुपमा अनुसुचि-४ को ढाँचा मा मुल्याङ्कन गरी प्रस्ताब छनौट गर्ने छ ।

७ शाखाले छनौटमा परेका प्रस्ताबको नामाबलि प्रकासन गरी संझौताको लागि आह्वान गर्ने ।

८ छनौट भएका प्रस्ताबकले अनुसुचि-५ को ढाँचामा समिति संग संझौता गर्नुपर्ने छ ।

९ प्रस्ताबक लाई प्रति कठ्ठा पोखरी निर्माण गर्न ५०००। (पाच हजार) का दरले अनुदान रकम उपलब्ध गराईने छ ।

**नोट:- पोखरीको भित्रि भाग (पानि भरिने) को मात्र गणना गरीने छ ।**

१० स्विकृत प्रस्ताबकले अनुसुचि-६को ढाँचामा भुक्तानि माग्नु पर्ने छ ।

३.२ भुरा बितरण तर्फ

१ माछा पालन गर्ने कृषकको भुरा मागको आधारमा बितरण गरीने छ ।

२ भुरा बितरणमा ढुवानि एवं अन्य लजेष्टिक अनुदान मात्र दिईने छ ।

३ भुराको परल मुल्य स्वंयम कृषकले नै ब्यर्होनु पर्ने छ ।

४ भुरा मागगर्ने कृषकले अग्रीम रुपमा शाखामा रकम जम्मा गर्नुपर्ने छ ।

**४. कार्यक्रम सन्चालनमा जिम्बेवारी :**

- ✓ तुलसीपुर उपमहानगरपालिका ।
- ✓ नगर कार्यपालिकाको कार्यालय ।
- ✓ आर्थिक बिकास समिति ।
- ✓ माछा भुरा उत्पादन केन्द्रहरु ।
- ✓ पशु सेवा शाखा ।

**५. कार्यक्रमको प्रतिफल :**

माछाका भुरा आपूर्तिमा योगदान पुग्ने, माछा पोखरी बिस्तारमा योगदानको माध्यमले तुलसीपुर क्षेत्रमा माछाको उत्पादन एवं उत्पादकत्वमा सुधार आउदा कृषकहरुको आम्दानि बृद्धीहुने साथै माछा आयातलाई प्रतिस्थापन गर्न सकिने ।

**६. कार्यक्रम अर्न्तगत खर्चहुने शिर्षक :**

स्विकृत बजेट निम्न मुख्य कृयाकलापहरुमा खर्च हुनेछ ।

- ✓ पोखरी निर्माण अनुदान बितरण ।
- ✓ समिति बैठक संचालन ।
- ✓ स्थलगन भेरिफिकेसन ।
- ✓ भुरा ढुवानि यातायत खर्च ।
- ✓ दैनिक भ्रमण एवं लजेष्टिक खर्च ।

७. **आर्थिक नर्मस :**

- ✓ लजेष्टिक खर्च १०% सम्म गर्न सकिने छ ।
- ✓ भ्रमण खर्च १०% सम्म गर्न सकिने छ ।
- ✓ स्थलगत भेरिफिकेसन खर्च १०% सम्म गर्न सकिने छ ।
- ✓ बस्तु सेवा समाग्री बितरणमा खर्च ७०% वा बाकि अनुरुप गर्नुपर्ने छ ।

८. **लेखा अभिलेखका लागि आबश्यक पर्ने कागजात :**

- ✓ सहकार्यका लागि आह्वान गरीएको सुचना ।
- ✓ दर्ता गरीएका प्रस्ताब एवं कार्ययोजना बिबरण ।
- ✓ अनुदान बितरण भर्पाइ ।
- ✓ कार्यक्रम संचालन संझौता पत्र ।
- ✓ समिति बैठक संचालन रेकर्ड ।
- ✓ भुरा ढुवानि एवं भ्रमण खर्च बिल भर्पाई ।
- ✓ कार्यक्रम अनुगमन भ्रमण इन्धन खर्च बिल भर्पाई ।

९. **सर्बजनिक परिक्षणको लागि अभिलेख :**

- ✓ सहकार्यका लागि आह्वान गरीएको सुचना ।
- ✓ बिभिन्न फोटोहरु ।
- ✓ प्रतिबेदन ।

१०. **निश्कर्ष :**

यो कार्यक्रम संचालन गरी समयमानै सम्पन्न गर्न सकेमा आगामि दिनमा तुलसीपुर क्षेत्रमा माछा उत्पादन एवं तयारी माछाको आपुर्ति सहज हुदै जाने बिस्वास लिईएको छ ।

## परिच्छेद ११
## पशु स्वस्थ्य नियमन कार्यक्रम सन्चालन

१. **भुमिका :**

पशु पालन ब्यबसायलाई ब्यबस्थित एवं मानब समुदायको स्वस्थ्यका दृष्टिकोणबाट समेत पशु, पशु जन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको स्वस्थ उत्पादन ,बिकी बितरण, उपभोग तथा निकासी पैठारी गर्ने सम्बन्धमा प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पशु स्वास्थ्य नियमन कार्यक्रम सन्चालन गर्न आबस्यक भएको छ । पशु बस्तुमा बिभिन्न समयमा संक्रामक रोगहरु महामारीको रुपमा देखापरी पशु तथा पशु जन्य उत्पादनमा कमिआई कृषकहरुमा ठुलो आर्थिक क्षति पुर्याउने भएकोले रोगहरुको अन्बेषन, पहीचान, रोकथाम, नियन्त्रन तथा अनुगमनका कार्यहरु कार्यान्वयन गर्न एवं पशु जन्य पदार्थहरुको गुस्तर नियमन साथै स्वस्थ पशु जन्य पदार्थ उपभोकको सुनिश्चितता गर्न अबस्यक भएकाले तुलसीपुर उपमहानगरपालिकाले निति तथा कार्यक्रममा समाबेश गरेकोले पशु स्वस्थ्य नियमन कार्यक्रम प्रभाबकारी तरिकाले सन्चालन गर्न यो परिच्छेद प्रयोग गर्नुपर्ने छ ।

२. **कार्यक्रमको मुख्य उदेश्यहरु :**

- ✓ भेटेरिनरी औषधि, जैबिक पदार्थ, पशु पछिंफर्म र ह्याचरीको गुणस्तर कायमगर्ने ।
- ✓ पशुसेवा ऐन, नियम, निर्देशिका, लगायत स्विकृत मापदण्डहरुको प्रभाबकारी कार्यान्वयन गर्ने ।
- ✓ नियमनका माध्यमबाट स्वस्थ पशु तथा पशुजन्य उत्पादनमा टेवा पुग्ने ।
- ✓ सर्भिलेन्सका माध्यम बाट महामारी जन्य रोगहरु नियन्त्रनमा योगदान पुग्ने ।
- ✓ गुणस्तर युक्त पशु उत्पादन सामाग्रीहरुको बिक्रि बितरणमा योगदान पुग्ने ।

३. कार्यक्रमको संचालन प्रकृया :

३.१. पशु औषधि तथा जैबिक पदार्थको भण्डारण निरिक्षण :

१ औषधि, जैबिक पदार्थको व्यवस्थापन एवं बिक्रि बितरण सम्बन्धि गुणस्तर जाँच गर्नुपर्ने छ ।

२ भेटेरिनरी औषधि पसलको पहिलो पटक निरीक्षण गर्दा अनुसुचि-१७ र सोहि पसलको दोश्र पटक अनुगमन गर्दा अनुसुचि- १८ बमोजिमको अभिलेख राख्नु पर्ने छ ।

